देवानगञ्ज गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देवानगञ्ज, सुनसरी
१ नं प्रदेश, नेपाल

## ठेक्का बोलपत्र आव्हानको सूचना

**चौथो पटक प्रकाशित मिति २०७९/०३/२७**

यस कार्यालयबाट यस गाउँपालिकाबाट तपसिल बमोजिमको निकासी कर संकलन गर्न निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्न इच्छुक व्यक्ति वा फर्मलाई आव्हान गरिएको छ ।

| क्र.सं. | रा.आ.ठे.नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक | बोलपत्र फारम दस्तुर पछि फिर्ता नहुने गरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | दैनिक व्यापार तथा कृषिजन्य निकासी कर | १०,४४,६००/०० | १,०००/०० | |
| २ | ०२/०७९/०८० | मवेशी हाट, देवानगञ्ज-३, सनुसरी | २,४०,३००/०० | १,०००/०० | |

**शर्तहरु**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयबाट प्राप्त (PAN) को प्रतिलिपि, मू.अ.कर दर्ताको प्रतिलिपि र आ.व. २०७७/०७८ को आयकर चुक्ता प्रमाणपत्र समेत पेश गरी बोलपत्र बिक्री हुने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले ३ (तिन) दिनभित्र (कार्यालय समयभित्र) रु. १,०००/०० दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयमा बुझाई बोलपत्र फाराम खरिद गर्न सक्नेछ ।

२. ठेक्का अवधि २०७९/०४/०१ देखि २०८०/०३/३० सम्म कायम हुनेछ ।

३. खरिद भएको बोलपत्र प्रष्टसँग भरी प्रत्येक पानामा सहीछाप गरी लाहाछाप लगाई सिलबन्दी गरी खाम बाहिर बोलपत्रदाताले सिलबन्दी खामको बाहिरपट्टि रा.आ.ठे.नं. र ठेक्काको नाम प्रष्टसँग लेखी ४औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४. कबोल गरेको अंकको दररेट अंक र अक्षरमा प्रष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. अंक र अक्षर काटी पुनर्लेखन गर्नुपर्ने भएमा काटेको स्थानमा बोलपत्रदाताले अनिवार्य हस्ताक्षर गर्नुपर्नेछ ।

६. कबोल गरेको अंकको दररेट अंक र अक्षरमा प्रष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. अंक र अक्षर काटी पुनर्लेखन गर्नुपर्ने भएमा काटेको स्थानमा बोलपत्रदाताले अनिवार्य हस्ताक्षर गर्नुपर्नेछ ।

८. कर असुलीसम्बन्धी दररेटहरुको विवरण तथा ठेक्कापट्टा सम्बन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ । साथै दररेट सम्बन्धी विवरण र ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

९. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै पेश गर्नु पर्नेछ । .एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइनेछैन ।

१०. धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत यस कार्यालयको नाममा **एन.आइ.सि.एशिया** बैंक इनरुवा शाखामा रहेको धरौटी खाता २४३CA५००२१९१७००२ मा नगद धरौटी रकम जम्मा गरी सो को सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकद्वारा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र बुझाउने अन्तिम दिनबाट कम्तिमा ९० दिनसम्म मान्य म्याद रहने सोही रकम बमोजिमको बैंक ग्यारेन्टीको सक्कलै प्रमाण पेश गर्नु पर्नेछ ।

११. प्रचलित नियमानुसार रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन । कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२ **स्वीकृत बोलपत्रदाताले ठेक्का कबोल अंक रकम सम्झौता गर्दा एकमुष्ट बुझाउनु पर्ने छ ।**

१३. बोलपत्र स्वीकृत भई सो को जानकारी प्राप्त भएको ७ (सात) दिनभित्र सम्झौता गरी सक्नुपर्नेछ । उक्त अवधिभित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाइनेछ ।

१४. ठेक्का कबोल गर्ने ठेकेदारले तोकिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई यस कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नुपर्नेछ ।प्रमाणित नगरिएको रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्त भई सो सावित भएमा नियमानुसार कारवाही गरिनेछ ।साथै रसिदको नमूना यस कार्यालयबाट उपलब्ध गराइनेछ।

१५ ठेक्का रकम तिर्न वाँकी बक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रक्रियामा भाग लिन पाइनेछैन ।

१६. बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुबाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाहा दिइने छैन ।

१७ कुनै ठेक्का वा कर उठाउन नेपाल सरकारबाट रोक लगाइएमा सोही बमोजिम हुनेछ ।

१८. तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा बोलपत्र पेश गर्दा राखिएको धरौटी रकम जफत गरिनेछ । सो मा कुनै किसिमको दावी उजुरी गर्न पाइने छैन ।

१९. यस कार्यालय वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जनुसुकै बखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयम्ले व्यहोर्नुपर्नेछ ।

२०. सम्बन्धित कर संकलनका लागि यस कार्यालयद्वारा तोकिएको स्थानहरु बाहेक अन्य स्थानबाट कर दस्तुर उठाउन पाइनेछैन ।

२१. ठेकेदारले अनिवार्य रुपमा ठेक्का क्षेत्रभित्रका बजार सरसफाई कार्य सम्बन्धित वडा कार्यालयको सल्लाहा बमोजिम र समन्वयमा आफैले गराउनु पर्नेछ ।

२२. ठेकेदारले आफुलाई चाहिने स्टेशनरी समान, जनशक्ति कुनै कसैलाई दिएको चन्दा आर्थिक सहायता आदि सबै बन्दोबस्ती आफैंले मिलाउनु पर्नेछ र पछि कुनै दाबी गर्न पाइनेछैन ।

२३. ठेक्का चलान गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्षबीच आपसी छलफद्वारा समाधान गरिनेछ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र सो मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२४. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन सहति) तथा नियमावली २०६४ (संशोधित सहति) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम हुनेछ र नभएका कुराहरुको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

.........................

**चुडामणी गुरागाई**
प्रमुख प्रशासकीय अधिकृत